# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०३) पोखरा, पुस २७ गते, २०७७ साल (अतिरिक्ताङ्क २१

## भाग २

प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना**

### प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (चौथो संशोधन) आदेश, २०७७

**प्रस्तावनाः** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (चौथो संशोधन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को प्रस्तावनामा संशोधनः** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ (यस पछि "मूल आदेश" भनिएको) को प्रस्तावनाको दोस्रो अनुच्छेदमा रहेको "प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।" भन्ने वाक्यको सट्टा "गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।" भन्ने वाक्य राखिएको छ।

३. **मूल आदेशको दफा १ मा संशोधनः** मूल आदेशको दफा १ को उपदफा (२) झिकिएको छ।

४. **मूल आदेशको दफा ३ मा संशोधनः** मूल आदेशको दफा ३ को,-

(क) उपदफा (१) को तेस्रो हरफमा रहेका "प्रदेश योजना आयोग" भन्ने शब्दहरूको सट्टा "प्रदेश नीति तथा योजना आयोग" भन्ने शब्दहरू राखिएको छ।

(ख) उपदफा (२) को खण्ड (ग), (घ), (ङ) को सट्टा देहायका खण्ड (ग), (घ), (ङ) र (च) राखिएको छः-

(ग) प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा दुई जना - सदस्य

(घ) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(ङ) प्रदेश सचिव, आर्थिक

| | | |
|---|---|---|
| मामिला तथा योजना मन्त्रालय | - | सदस्य |
| (च) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | सदस्य सचिव" |

(ग) उपदफा (३) को सट्टा देहाय बमोजिमको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम उपाध्यक्ष वा सदस्यको नियुक्ति गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, विज्ञान तथा प्रविधि र प्राकृतिक स्रोत वा मानव स्रोत व्यवस्थापन, वातावरण वा जलवायु परिवर्तन सम्बन्धी विषयविज्ञबाट नियुक्ति गरिनेछ।"

(घ) उपदफा (५) मा रहेका "खण्ड (ख) र (ङ)" भन्ने शब्दहरूको सट्टा "खण्ड (ख) र (ग)" भन्ने शब्दहरू राखिएको छ।

५. **<u>मूल आदेशको दफा ८ मा संशोधनः</u>** मूल आदेशको दफा ८ को,-

(क) खण्ड (क) को शीर्षकमा रहेको "दीर्घकालीन" भन्ने शब्द झिकिएको छ।

(ख) खण्ड (क) को उपखण्ड (२) मा रहेका "पर्यावरणीय र सुशासनका" भन्ने शब्दहरूको सट्टा "वातावरणीय, सुशासन समेतका" भन्ने शब्दहरू राखिएको छ।

(ग) खण्ड (क) को उपखण्ड (१०) को सट्टा देहायको उपखण्ड (१०) राखिएको छः-

"(१०) निजी क्षेत्र, सहकारी, सामुदायिक वा बाह्य लगानीका आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्ने।"

(घ) खण्ड (क) को उपखण्ड (१०) पछि देहायको उपखण्ड (११), (१२) र (१३) थपिएको छः-

"(११) सार्वजनिक-निजी साझेदारी, निजी लगानी तथा प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने आयोजना तर्जुमा तथा कार्यान्वयन समेतका विषयमा गण्डकी प्रदेश विकास प्राधिकरणसँग समन्वय गर्ने।

(१२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीति संवाद सञ्चालन र सहजीकरण गर्ने।

(१३) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापन गर्ने, गराउने।"

(ङ) खण्ड (क) पछि देहायको खण्ड (क१.) थपिएको छः-

"(क१.) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनः

(१) प्रदेशको समग्र स्रोतको प्रक्षेपण गरी प्राथमिकताका आधारमा क्षेत्रगत सन्तुलन मिलाई विषयगत मन्त्रालयलाई बजेटको स्रोत सीमाको आँकलन गर्ने,

(२) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा प्रदेशको आवधिक योजनासँग तादात्म्यता मिलाउन विषयगत मन्त्रालयसँग छलफल गर्ने,

(३) औचित्य र आवश्यकताका आधारमा कार्यक्रम संशोधन गर्नु परेमा मन्त्रालयलाई सहजीकरण गर्ने, र

(४) कार्यक्रम कार्यान्वयनमा मन्त्रालय र अन्य निकायलाई सहजीकरण गर्ने।"

(च) खण्ड (ग) को उपखण्ड (४) को सट्टा देहायको उपखण्ड (४) राखिएको छः-

"(४) आयोजना बैङ्क सम्बन्धी कार्य गर्ने।"

(छ) खण्ड (घ) को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छः-

"(१) प्रादेशिक नीति, विकास योजना तथा कार्यक्रमको सान्दर्भिकता, प्रभावकारिता, आबद्धता, कार्यदक्षता र दिगोपनाका विषयमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने।"

६. **<u>मूल आदेशको दफा ९ मा संशोधनः</u>** मूल आदेशको दफा ९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) परिषद्‌को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

| | | | |
|---|---|---|---|
| (ख) | आयोगको उपाध्यक्ष | - | उपाध्यक्ष |
| (ग) | प्रदेश सरकारका मन्त्रीहरु | - | सदस्य |
| (घ) | प्रदेश सभा समितिका सभापतिहरू | - | सदस्य |
| (ङ) | प्रदेश नीति तथा योजना आयोगका सदस्यहरू | - | सदस्य |
| (च) | प्रदेश सरकारले मनोनयन गरेका प्रदेश सभा सदस्यहरू-१९ जना | - | सदस्य |
| (छ) | प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुखहरू | - | सदस्य |
| (ज) | प्रमुख सचिव | - | सदस्य |
| (झ) | प्रदेश सरकारले मनोनयन गरेका स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष वा प्रमुखहरु/उपप्रमुखहरु ३३ जना | - | सदस्य |
| (ञ) | प्रदेश सचिवहरू | - | सदस्य |
| (ट) | प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट कम्तीमा एक तिहाई महिला सहित प्रदेश सरकारबाट मनोनीत २८ जना | - | सदस्य |

| | | | |
|---|---|---|---|
| (ठ) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधि | - | सदस्य |
| (ड) | अर्थ मन्त्रालयको प्रतिनिधि | - | सदस्य |
| (ढ) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि | - | सदस्य |
| (ण) | राष्ट्रिय योजना आयोगको प्रतिनिधि | - | सदस्य |
| (त) | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका प्रतिनिधि | - | सदस्य |
| (थ) | आयोगको सदस्य-सचिव | - | सदस्य-सचिव" |

७. **<u>मूल आदेशको दफा १० मा संशोधनः</u>** मूल आदेशको दफा १० को उपदफा (४) मा रहेका "आयोगको सचिवले" को सट्टा "आयोगको सदस्य-सचिवले" भन्ने शब्दहरू राखिएको छ।

८. **<u>मूल आदेशको दफा १३ मा संशोधनः</u>** मूल आदेशको दफा १३ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना तर्जुमामा सहजीकरण र समन्वय गर्ने।"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१.) थपिएको छः-

"(क१.) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी आयोगमा जानकारी गराउने।"

९. **मूल आदेशको दफा १६ मा संशोधनः** मूल आदेशको दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता, सवारी साधन र इन्धन सुविधा, आवास सुविधा, सञ्चार, विद्युत्, पानी र अतिथि सत्कार सुविधा क्रमशः प्रदेश सरकारका राज्यमन्त्री तथा सहायक मन्त्री सरह हुनेछ।"

(२) मुल आदेशको दफा १६ को उपदफा (२) झिकिएको छ।

१०. **मूल आदेशको परिच्छेद-६ मा संशोधनः** मूल आदेशको परिच्छेद-६ को शीर्षकमा रहेका "आयोगको सचिव" भन्ने शब्दहरूको सट्टा "आयोगको सदस्य-सचिव" भन्ने शब्दहरू राखिएको छ।

११. **मूल आदेशको दफा १९ मा संशोधनः** मूल आदेशको दफा १९ को,—

(क) दफा शीर्षक "सचिव" भन्ने शव्दको सट्टा "सदस्य-सचिव" भन्ने शव्द राखिएको छ।

(ख) उपदफा (१) झिकिएको छ।

(ग) उपदफा (२) र (३) मा प्रयोग भएका "सचिव" भन्ने शब्दको सट्टा "सदस्य-सचिव" भन्ने शब्द राखिएको छ।

आज्ञाले,
रामचन्द्र ढकाल
प्रदेश सरकारको सचिव

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-